एडीबी

# समाचार नेपालबाट

www.adb.org/nrm
adbnrm@adb.org

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय
नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

कार्तिक, २०६५

## नेपाललाई सहायता बढाउन एडीबी प्रतिबद्ध

एसियाली विकास बैंक (एडीबी) दक्षिण एसिया विभागका महानिर्देशक कुनियो सेङ्गाले द्वन्द्वपछिको संक्रमणकालमा नेपालको विकास आवश्यकता पूरा गर्न आगामी वर्षहरूमा अनुदान सहायता बढाउन एडीबी प्रतिबद्ध रहेको बताउनुभएको छ। चारदिने औपचारिक नेपाल भ्रमण (२०६५ भदौ १८ देखि २१ गते) को अन्त्यमा उहाँले उक्त कुरा बताउनुभएको हो।

'यो सहायता मूलतः देशको कार्य-सम्पादनमा निर्भर गर्छ। वृहत् आर्थिक स्थायित्व, शासकीय सुधार र सहायता कार्यक्रमहरूको कार्य-सम्पादनमा भएका प्रगति हामी हेर्नेछौं,' उहाँले भन्नुभयो।

भ्रमणका क्रममा महानिर्देशक सेङ्गाले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', अर्थमन्त्री बाबुराम भट्टराई, मन्त्रिपरिषद्का अन्य सदस्य तथा राष्ट्रिय योजना आयोगका उपाध्यक्षलाई भेटेर उहाँहरूको नयाँ कार्यकालका लागि बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो।



**संवाद** एडीबीका महानिर्देशक कुनियो सेङ्गाले नेपालका नवनिर्वाचित प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई बधाई दिनुका साथै नेपालको चालू शान्ति प्रक्रियामा सहयोग गर्न एडीबीको विकास सहायता जारी रहने विश्वास दिलाउनुभयो। तस्बिरमा नेपाल आवासीय नियोगका नयाँ राष्ट्रिय निर्देशक ब्यारी हिचकक् पनि देखिनुभएको छ।

प्रधानमन्त्री तथा अन्य बरिष्ठ सरकारी अधिकारीहरूसँगको भेटमा श्री सेङ्गाले दीगो शान्ति र स्थायित्वका लागि आर्थिक सुधारको कार्यक्रमलाई निरन्तरता दिँदै गरिबी तथा अन्य विकास चुनौती सम्बोधन गर्न र उच्च आर्थिक वृद्धि हासिल गर्नमा जोड दिनुभयो। कोशी नदीको बाढीले अघिल्लो महिना पूर्वी नेपालका विभिन्न क्षेत्रमा गराएको ठूलो जनधनको क्षतिप्रति उहाँले गहिरो शोक र दुःख पनि व्यक्त गर्नुभयो।

श्री सेङ्गाले अर्थ, निर्माण तथा यातायात, कृषि, शिक्षा, जलस्रोत, स्थानीय विकास, भौतिक योजना तथा पुनर्निर्माण, कानुन, न्याय तथा संविधान सभा

*क्रमशः दोस्रो पेजमा*

## एडीबीद्वारा नेपालका लागि नयाँ राष्ट्रिय निर्देशक नियुक्त

श्री ब्यारी हिचकक्ले यही २०६५ भदौ १६ गतेदेखि एडीबी नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशकको कार्यभार सम्हाल्नुभएको छ। नेपालमा सञ्चालित एडीबीका सम्पूर्ण कार्यहरूको जिम्मेवारी राष्ट्रिय निर्देशकका रूपमा श्री हिचकक्माथि हुनेछ। उहाँले राष्ट्रिय रणनीति, कार्यक्रम तर्जुमा, कार्यान्वयन र क्षेत्रीय समन्वय प्रयासहरूमा नेपाल आवासीय नियोगको नेतृत्व गर्नु हुनेछ। सहायता एकरूपताका लागि सरकार तथा अन्य विकास नियोगहरूसँग नीतिगत संवादमा सामेल हुने र नागरिक समाज तथा निजी क्षेत्रका संघ/संस्थाहरूसँगको समन्वय सुदृढ तुल्याउने कार्य पनि उहाँकै जिम्मेवारीभित्र पर्छ।

'नेपालले सामना गरिरहेका विभिन्न विकास चुनौतीहरूको समाधानका लागि नयाँ सरकार, सामुदायिक समूह र निजी क्षेत्रसँग मिलेर काम गर्न म ईच्छुक छु। एडीबी नेपालको शान्ति प्रक्रियामा पूर्ण सहयोग प्रदान गर्दै दुर्गम समुदाय र उपेक्षित समूहलाई सहायता विस्तार गर्न खोजिरहेको छ,' श्री हिचकक्ले भन्नुभयो।



सन् १९९० मा एडीबी प्रवेश गर्नुभएका श्री हिचकक्ले त्यसयता विभिन्न पदमा रही काम गरिसक्नुभएको छ। नेपाल आवासीय नियोगमा आउनुअघि उहाँ पूर्वी एसिया विभागको राष्ट्रिय समन्वय, क्षेत्रीय समन्वय, शासकीय

*क्रमशः तेस्रो पेजमा*

# बाख्राले बढायो आय र सम्मान

**पशुपालन विकास कार्यक्रमले ग्रामीण नेपालीहरूको आम्दानीमात्र होइन, सामाजिक प्रतिष्ठा बढाउन पनि मद्दत गरेको छ ।**

सुरेन्द्र पयाल

पोखराथोक, नेपाल- पद्मा भित्रिया तीन वर्षअघि निकै कष्टकर जीवन बिताउँथिन् । राजधानी काठमाडौंबाट करिब २५० किलोमिटर दूरीमा रहेको पाल्पा उपत्यकाको हिमाली भेगमा उनको सानो धान र गहुँ बारी छ, तर त्यसले वर्षभर खानधरी पुग्थेन । कथित तल्लो जातको भएकाले उनी र उनको श्रीमान्‌ले छोएको पानीसमेत छरछिमेकमा चल्दैन थियो ।

अहिले उनको जीवन बदलिएको छ र यसको सम्पूर्ण श्रेय जान्छ बाख्रापालनलाई । ग्रामीण नेपालीहरूका लागि दूध र आम्दानीको मुख्य स्रोत रहँदै आएको बाख्राले पद्माको जीवनमा पनि अभूतपूर्व परिवर्तन ल्याएको छ । उनको आम्दानीमात्र बढेको छैन, उनी पोखराथोक गाउँकै सम्पन्न सदस्यमा गनिन्छिन् ।

'हामी अहिले आर्थिक र सामाजिक रूपमा निकै सुरक्षित महसुस गर्छौं,' पद्मा भन्छिन् । उनका अनुसार सुरूमा उनीहरूले चारवटा बाख्रा पाएका थिए, जसबाट तीन वर्षमै ३१ वटा पुगिसकेको छ ।

'हामीलाई दैनिक खर्च टार्न पैसाको दुःख छैन,' कपडा सिलाउने उनका श्रीमान् मनबहादुर भित्रिया भन्छन्, 'मेरी श्रीमति स्थानीय स्तरमा बाख्रा वितरण गर्ने समूहकी प्रथम अध्यक्ष भएकीले गाउँमा कोही पनि हामीलाई होच्याएर कुरा गर्दैनन् ।' आयस्तरमा सुधार आउन थालेपछि छोरीलाई काठमाडौं पढ्न पठाएको यी दम्पत्ति गर्वसाथ सुनाउँछन् ।



**सामुदायिक पशुपालन विकास कार्यक्रमको लाभ** पद्मा भित्रिया र उनका श्रीमान् पशुपालन व्यवसायबाट परिवारको गुजारा चलाउनुका साथै छोरीलाई राम्रो शिक्षा दिन सफल भएका छन् ।

भित्रिया दम्पत्तिले एसियाली विकास बैंक (एडीबी) को सहयोगमा सञ्चालित सामुदायिक पशुपालन विकास कार्यक्रमबाट बाख्रा प्राप्त गरेका हुन् । सन् २००४ मा सुरु भएको यस आयोजनाले ६ वर्षसम्म सफलतापूर्वक सञ्चालित तेस्रो पशुपालन विकास कार्यक्रमलाई प्रतिस्थापन गरेको छ । एडीबीको १ करोड ८० लाख अमेरिकी डलर ऋण सहयोगबाट प्रारम्भिक कार्यक्रम सुरु भएको यो आयोजनामा पछि नेपाल सरकार र स्थानीय वित्तीय संस्थाहरूले ४० लाख डलर लगानी गरेका थिए ।

आयोजनाका सहभागीहरूलाई बाख्रा प्रजनन्‌को सुविधा दिइएकाले उनीहरूले कार्यक्रम सञ्चालक (जिल्ला पशुपालन सेवा कार्यालय) बाट जति बाख्रा पाएका हुन्छन्, त्यति नै संख्यामा फिर्ता गर्न सक्छन् । त्यसपछि त्यही बाख्रा अन्य गरिब समुदायलाई दिइन्छ र यो क्रम चलिरहन्छ ।

यसलाई एडीबीको एक सफल कार्यक्रमका रूपमा लिइन्छ । बाख्रापालन समूहका सदस्यहरूको औसत वार्षिक आम्दानी तीन वर्षअघिको ६,००० रुपैयाँका तुलनामा अहिले १७,००० रुपैयाँ पुगेको छ ।

देशका अन्य २१ ग्रामीण जिल्लाहरूमा यस्तै किसिमका पशुपालन विकास कार्यक्रम सञ्चालित छन् । यसले ग्रामीण क्षेत्रका गरिब बासिन्दालाई आयआर्जनको भरपर्दो स्रोत उपलब्ध गराउनुका साथै महिला सशक्तिकरणमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । ■

## नेपाललाई सहायता बढाउन एडीबी प्रतिबद्ध

(पेज नं. १ को बाँकी)

र पर्यटन तथा नागरिक उड्डयन मन्त्रीसँग भेट गर्नुभएको थियो । उहाँले विकास साझेदार तथा सञ्चारकर्मीहरूसँग पनि परामर्श गर्नुभयो ।

सार्क महासचिवसँगको बैठकमा श्री सेङ्गाले शिखर सम्मेलनले पारित गरेको घोषणापत्र कार्यान्वयन र एडीबीको सहायतामा सञ्चालित क्षेत्रीय समन्वय प्रयासको प्रभावकारी सञ्चालनका लागि सार्कलाई थप सहायता प्रदान गर्न एडीबी तयार रहेको दोहोऱ्याउनुभयो । ■

## एडीबीद्वारा नेपालका लागि नयाँ राष्ट्रिय निर्देशक नियुक्त

(पेज नं. १ को बाँकी)

सुधार, वित्त तथा व्यापार महाशाखा निर्देशक हुनुहुन्थ्यो । मध्य एसियाली गणतन्त्रहरूले एडीबीको सदस्यता लिएपछि ताजिकिस्तानमा कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी श्री हिचकक्ले वहन गर्नुभएको थियो । विध्वंसात्मक आन्तरिक द्वन्द्वले थलिएको ताजिकिस्तानलाई पुनर्स्थापनमा सहयोग पुऱ्याउने आयोजनाहरूमा उक्त कार्यक्रम केन्द्रित थियो ।

सन् २००१ मा उहाँ मंगोलिया आवासीय नियोगमा आवासीय प्रतिनिधि नियुक्त हुनुभयो । मंगोलियास्थित एडीबीका प्रथम आवासीय प्रतिनिधिका रूपमा श्री हिचकक्ले स्थानीय विकास मुद्दाहरूमा मंगोलियासँग सफलतापूर्वक वार्ता गर्दै त्यहाँको गरिबी निवारणमा लक्षित एडीबीका कार्यक्रमहरू कार्यान्वयन गराउनुभयो ।

श्री हिचकक् अष्ट्रेलियाली अर्थशास्त्री हुनुहुन्छ र उहाँले एसियाली तथा अफ्रिकी मुलुकहरूमा वैदेशिक सेवा अधिकृतका रूपमा २५ वर्ष काम गरिसक्नुभएको छ । उहाँले मेलबर्न विश्वविद्यालयबाट विज्ञानमा स्नातक (भौतिकशास्त्र र एट्मोस्फेरिक रिमोट सेन्सिङमा अनर्स) गर्नुभएको छ भने अष्ट्रेलियाली राष्ट्रिय विश्वविद्यालयबाट अर्थशास्त्रमा ग्राजुयट डिप्लोमा र स्नातकोत्तर गर्नुभएको छ । ■

# एडीबी अध्ययनबाट एसियाली गरिबी मापन गर्ने नयाँ विधि प्रस्ताव

चीनको हडकडमा यही २०६५ भदौ ११ गते सार्वजनिक एक प्रतिवेदनमा एडीबीले एसिया तथा प्रशान्त क्षेत्रको गरिबी मापन गर्ने नयाँ विधि प्रस्ताव गरेको छ।

एडीबीको वार्षिक तथ्यांकीय प्रकाशन *'मुख्य परिसूचक २००८'* को एक विशेष अध्यायअन्तर्गत प्रकाशित उक्त प्रतिवेदनले अन्तर्राष्ट्रिय रूपमा गरिबीको तुलनात्मक प्रक्षेपण गर्न चाहिने महत्वपूर्ण विधिहरूको व्याख्या गरेको छ।

*'विभिन्न देशहरूमा गरिबीको तुलनात्मक अध्ययन क्रयशक्ति समदरको भूमिका'* नाम दिइएको उक्त विशेष अध्यायमा बजार मूल्यको तथ्यांकका आधारमा एसिया तथा प्रशान्त क्षेत्रको गरिबी दरको तुलनात्मक तथ्यांक उपलब्ध छ।

'यो अध्ययनलाई दुईवटा कारणले महत्वपूर्ण फड्को मान्न सकिन्छ,' एडीबीका प्रमुख अर्थशास्त्री इफ्जाल अलीले भन्नुभयो। 'यो अन्तर्राष्ट्रिय रूपमा गरिबीको तुलनात्मक प्रक्षेपण गर्न पहिलोपटक गरिएको वृहत् सम्वेदनशीलता विश्लेषण हो। दोस्रो कारण, यसले खासगरी एसिया तथा प्रशान्त क्षेत्रका लागि सान्दर्भिक हुने गरिबीको आधार रेखा अपनाएको छ।'

गरिबीको नयाँ आधार रेखा, जसलाई एसियाली गरिबी रेखा भनिएको छ, त्यो दैनिक १.३५ अमेरिकी डलर रहेको छ।

'साधारणतया एसिया तथा अन्य विकासोन्मुख मुलुकको चरम गरिबी मापन गर्दा दैनिक १ अमेरिकी डलर आयलाई प्रमुख मापदण्डका रूपमा लिए पनि तीव्र आर्थिक वृद्धि गरिरहेको यस क्षेत्रमा समयलाई पनि गरिबी मापनको आधार बनाउनुपर्छ, जसले यहाँको तीव्रतर गति प्रतिविम्बित गर्नेछ,' अलीले भन्नुभयो।

यो प्रतिवेदनको मुख्य योगदान क्रयशक्ति समदर (पीपीपी) को मूल्यांकनका लागि विभिन्न विधिहरू अपनाउँदा गरिबी प्रक्षेपणको सम्वेदनशीलता जाँच्नु हो। पीपीपीले कुनै निश्चित वस्तु तथा सेवा उपभोग गर्ने सामान्य क्रयशक्ति सुनिश्चित गर्छ।

प्रतिवेदनमा यही अध्ययनका लागि संकलित नयाँ तथ्यांक प्रयोग गरिएको छ। यसले गरिबहरू कहाँ किनमेल गर्छन्, के किन्छन्, कति परिमाण र कस्तो गुणस्तरका सामान किन्छन् भनी अध्ययन गरेको छ। उदाहरणका लागि, सुपरमार्केट र गरिबहरूले किनमेल गर्ने सामान्य पसलमा किनिएको चामलको गुणस्तर र मूल्य उल्लेखनीय रूपमा फरक पाइएको छ। गरिबले कुनै सामान किन्दा जति पैसा तिरेका हुन्छन्, त्यसैका आधारमा नयाँ पीपीपी गणना गरिन्छ र यसलाई गरिबी पीपीपी भनिन्छ।

प्रतिवेदनले उपभोग पीपीपीका आधारमा यस अध्ययनमा सामेल १६ वटा देशका १.०४२ अर्ब जनसंख्या सन् २००५ मा दैनिक १.३५ डलरभन्दा कम आयमा बाँचिरहेका छन् भनी अनुमान गरेको छ। योभन्दा राम्रो अवस्थाको गरिबी पीपीपीअन्तर्गत यो ८४ करोड ३० लाख जनसंख्यामा झर्नसक्ने अनुमान छ। ■

# एसियाली आर्थिक वृद्धिमा शिथिलता, मुद्रास्फितिमा उच्च वृद्धि : एडीबी आउटलुक

सन् २००७ मा भन्दै दुई दशककै उच्च ९ प्रतिशतको आर्थिक वृद्धि हासिल गरेका विकासोन्मुख एसियाली मुलुकहरूको वृद्धिदर यस वर्ष ७.५ र अर्को वर्ष ७.२ प्रतिशतमा झर्ने अनुमान एडीबीको प्रतिवेदन *एसियन डेभलपमेन्ट आउटलुक २००८ अपडेट (एडीओ अपडेट)* मा गरिएको छ। यस क्षेत्रमा मुद्रास्फितिको चाप बढिरहेको र यसलाई समयमै सम्बोधन नगरे अर्थतन्त्रमा नकारात्मक असर पर्ने *एडीओ अपडेट*मा उल्लेख छ।

एसिया तथा प्रशान्त क्षेत्रको मुद्रास्फिति दर सन् २००८ मा ७.८ प्रतिशत रहने प्रतिवेदनको प्रक्षेपण छ। यसअघि ५.१ प्रतिशत रहने अनुमान गरिएको थियो। यसैगरी, सन् २००९ मा मुद्रास्फिति ६ प्रतिशत पुग्नसक्छ।

प्रतिवेदनले अन्तर्राष्ट्रिय बजारमा तेल र खाद्य वस्तुको उच्च मूल्य वृद्धि, मुद्रास्फितिमा परेको चाप र औद्योगिक मुलुकहरूको लामो शिथिलताका कारण एसिया तथा प्रशान्त क्षेत्रको अर्थतन्त्र खस्किएको औंल्याएको छ।

आगामी दिनमा विश्व बजारमा उपभोग्य वस्तुको अनियमित आपूर्ति एक प्रमुख मुद्दाका रूपमा रहने प्रतिवेदनमा उल्लेख छ। 'कच्चा तेलको मूल्य अहिले छोटो समयका लागि केही सस्तो भए पनि पछि गएर महँगिने र निकै अस्थिर रहनेछ। महँगो तेलको समय अझै सकिएको छैन। खाद्य वस्तुको मूल्य पनि तेलमा निर्भर रहेकाले महँगो खाद्य वस्तुको समय बाँकी छ,' मनिलास्थित बहुपक्षीय विकास बैंक एडीबीका प्रमुख अर्थशास्त्री इफ्जाल अलीले भन्नुभयो।

'एसियाका अधिकांश मुलुकमा खाद्य वस्तु र तेलको मूल्य वृद्धिले मुद्रास्फितिमा पार्ने प्रभाव अहिले आएर रोकिएको छ,' अलीले भन्नुभयो, 'यसले यहाँको मौद्रिक नीतिमा ठूलो प्रभाव पार्छ। यसको अर्थ एसियामा मुद्रास्फितिको समस्या समाधान गर्न कडा मौद्रिक नीति एक प्रमुख उपकरणका रूपमा रहिरहनेछ। अब हामीले आफ्नो खर्च कम गर्ने र सरकारले पनि इन्धनमा दिइरहेको अनुदान कटौती गर्ने समय आएको छ। यो अनुदानले उपभोक्तामाथि मूल्य वृद्धिको खासै ठूलो प्रभाव पर्न दिएको थिएन। यसलाई कायम राख्न आर्थिक रूपमा सम्भव छैन। जब अनुदान हटाइन्छ, बजार मूल्यको चाप फेरि बढ्न जान्छ र यसले मुद्रास्फिति बढाउनेछ।'

*एडीओ अपडेट*ले आर्थिक वृद्धि दर कम भए पनि बढ्दो मुद्रास्फितिको समस्या सम्बोधन गर्न विकासोन्मुख एसियाली मुलुकहरूसँग आग्रह गरेको छ। उपभोग्य वस्तुको उच्च मूल्य समायोजन गर्न यस क्षेत्रका सबैले सिक्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

यस क्षेत्रको आर्थिक स्थिति औद्योगिक मुलुकहरूको अर्थतन्त्रसँग जोडिएको पनि प्रतिवेदनले स्वीकार गरेको छ।

'यो सम्बन्ध अलग्याउनु भनेको कथामात्र हुनेछ,' अलीले भन्नुभयो, 'हाम्रो अध्ययनले के देखाएको छ भने यो क्षेत्रले आफ्नो आर्थिक वृद्धिमा ऊर्जा प्रदान गर्न औद्योगिक देशहरूको भर पर्नुपर्छ। विश्वव्यापी शिथिलता २००९ भन्दा माथि गए यस क्षेत्रमा योभन्दा निकै ठूलो प्रभाव पर्नसक्छ।'

समग्रमा यस क्षेत्रको प्रचुर सम्भाव्यता उपयोग गर्न समष्टिगत आर्थिक स्थायित्वको पुनर्स्थापन र आवश्यक संरचात्मक सुधार प्रक्रिया अपनाउनुपर्ने प्रतिवेदनको ठहर छ। ■

# नेपाल आवासीय नियोगका कार्यक्रमहरू

नेपाल आवासीय नियोगले सन् २००८ को तेस्रो त्रैमासिकमा विभिन्न कार्यशाला तथा गोष्ठीहरू आयोजना गर्नुका साथै केही गोष्ठीमा भाग लिएको थियो ।

**२० असार २०६५, कृषि क्षेत्रमा प्रभावकारी सेवा प्रवाहका लागि प्रतिस्पर्धी अनुदान प्रणाली- एसएसएमपी अनुभव**

एडीबी नेपाल आवासीय नियोगले आयोजना गर्दै आएको कार्यशाला श्रृंखला २००८ अन्तर्गत आयोजित यस कार्यक्रममा नियोगका कर्मचारीहरूले भाग लिए । कार्यक्रममा स्विस विकास तथा सहयोग नियोगका निरञ्जन राजभण्डारीले कृषि क्षेत्रमा प्रभावकारी सेवा प्रवाहका लागि प्रतिस्पर्धी अनुदान प्रणालीका सम्बन्धमा दीगो माटो व्यवस्थापन कार्यक्रम अनुभव (एसएसएमपी) बारे बोल्नुभएको थियो ।

**११ भदौ २०६५, एडीबी-वाटरएड संयुक्त प्रकाशन सार्वजनिक**

एडीबी र वाटरएडको संयुक्त प्रकाशन *'मनी डाउन दि प्यान ?'* को विमोचन कार्यक्रममा एडीबीका आयोजना अधिकृत लक्ष्मी शर्माको प्रस्तुति रहेको थियो । एडीबी र वाटरएडको यो संयुक्त अध्ययनले नेपाल सरकार, बहुपक्षीय दाता तथा गैससहरूले सरसफाई क्षेत्रमा विनियोजन गरेको रकम कसरी वितरण भइरहेको छ र सामुदायिक स्तरमा कसरी उपयोग भइरहेको छ भनी हेरेको छ ।

नेपालमा आर्थिक, सामाजिक र स्थायित्वका आधारमा उपलब्ध स्रोतहरू कसरी विनियोजन गरिन्छ भन्ने पनि यो अध्ययनले समीक्षा गरेको छ । सरसफाई क्षेत्रलाई व्यवस्थित ढंगमा अघि बढाउन नेपाल सरकारको राष्ट्रिय सरसफाई गुरुयोजना आवश्यक भएको अध्ययनको ठहर छ ।

उक्त गुरुयोजनाले स्रोत-साधनको प्रभावकारी विनियोजन र यसका वित्तीय नमूनाहरू एक-अर्कासँग बाभ्रिदैनन् भनी सुनिश्चित गर्न सरसफाई क्षेत्र विकासको संरचना तयार पार्नुका साथै स्थानीय स्तरको समन्वय संयन्त्रलाई सुदृढ तुल्याउनसक्छ । प्रतिवेदनका लागि www.iys2008.org.np हेर्नुहोस् ।



**समावेशी वृद्धिको प्रबर्द्धन** एडीबी, डीएफआईडी र आईएलओद्वारा आयोजित नेपाल राष्ट्रिय समस्या पहिचान अध्ययनसम्बन्धी कार्यशालाको सभापतित्व गर्दै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. पिताम्बर शर्मा (बायाँबाट चौथो) । तस्बिरमा देखिएका अन्य सहभागीहरूमा (बायाँबाट) आईएलओका राष्ट्रिय निर्देशक शेन्गी ली, एडीबी नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक ब्यारी हिचकक्, अर्थ सचिव रामेश्वर खनाल, राष्ट्रिय योजना आयोगका निमित्त सचिव धरणीधर खतिवडा र डीएफआईडी नेपाल कार्यालयका उप-प्रमुख टोनी बुर्डन हुनुहुन्छ ।

**७ असोज २०६५, समावेशी वृद्धि हासिल गर्न ईआरडी कार्यशाला : नेपाल राष्ट्रिय समस्या पहिचान अध्ययन**

एडीबीको अर्थशास्त्र तथा अनुसन्धान विभागद्वारा आयोजित यस कार्यशालामा नेपाल आवासीय नियोगका कर्मचारी, दाता, निजी क्षेत्र, नागरिक समाज र सरकारका प्रतिनिधिहरूले भाग लिएका थिए । पेरिस घोषणापत्रमा हस्ताक्षर गर्ने संस्थाका रूपमा एडीबीले राष्ट्रिय समस्या पहिचानको सुदृढीकरण र विकास अवरोधहरूको विश्लेषणका लागि केही छानिएका विकासोन्मुख सदस्य राष्ट्रहरूमा क्षेत्रीय प्राविधिक सहायतालगायतका थुप्रै कार्यक्रम सञ्चालन गरेको थियो । यी कार्यक्रम सन् २००७ अप्रिलमा पारित भएका थिए । एडीबीले नेपालका लागि समस्या पहिचान अध्ययन गर्न संयुक्त अधिराज्य सरकारको अन्तर्राष्ट्रिय विकास विभाग (डीएफआईडी) र संयुत्त राष्ट्र संघीय अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) सँग मिलेर काम गरिरहेको छ ।

नेपालको अर्थतन्त्रका विभिन्न पक्षहरू, जस्तै समष्टिगत आर्थिक व्यवस्थापन, व्यापार तथा लगानी, पूर्वाधार, सामाजिक विकास, वित्तीय क्षेत्र तथा शासकीय सुधार र आर्थिक वृद्धि तथा गरिबी निवारणका संस्थाहरूलाई हेर्न एडीबी, डीएफआईडी तथा आईएलओका कर्मचारी र प्राज्ञिक तथा अनुसन्धान संस्थाका विज्ञहरूको टोली परिचालन गरिएको छ । २०६५ जेठ २२ गते आयोजित आधारभूत कार्यशालामा आएका सुझावका आधारमा टोलीले प्रारम्भिक नतिजा निकाल्नुका साथै नेपालको आर्थिक वृद्धि र गरिबी निवारणमा रहेका अवरोधहरू पहिचान गरेको थियो । यी प्रारम्भिक नतिजा तथा अवरोध हल गर्ने नीतिगत विकल्पमाथि कार्यशालाका सहभागीहरूले छलफल गरेका थिए । ■

समाचार
**नेपालबाट**

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो । 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्वन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ । यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको अधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरूपमा भन्न सकिदैन । हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं ।

नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं.३१
पोष्ट बक्स ५०१७
काठमाडौं, नेपाल ।
फोन + ९७७ १ ४२२ ७७७९
फ्याक्स: + ९७७ १ ४२२ ५०६३
adbnrm@adb.org
www.abd.org/nm

राष्ट्रिय निर्देशक : ब्यारी जे. हिचकक्

**एडीबी अनलाइन**
**www.adb.org**

- एडीबीसँगको **व्यापार अवसर** खोजीका लागि हेर्नुहोस्: **www.adb.org/business/opportunities**
- **सञ्चार सम्पर्क** तथा **नयाँ समाचार**का लागि हेर्नुहोस् : **www.adb.org/media**
- **प्रकाशन**का लागि हेर्नुहोस् : **www.adb.org/publications**